# सुवर्ण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कवही गोठ, बारा

पत्र संख्या :०७४।०७५
चलानी नं.:

२ नं. प्रदेश, नेपाल
(तेस्रो पटक प्रकाशीत)

मिति :२०७५/०१/२९

विषय : माछा पोखरीहरुको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा ।

सुचना ! सुचना !! सुचना !!!

उपरोक्त विषयमा यस सुर्वण गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५।०१।२७ को निर्णय अनुसार बगही, प्रशुरामपुर, बड्कीफुलवरीया, हर्दिया,हाल सुवर्ण गाउँकार्यपालिकाको कार्यालय कबहीगोठको क्षेत्राधिकार भित्र रहेका जिल्ला बारा साविक गा.वि.स बगही वार्ड नं.२ हाल सुवर्ण गाउँपालिका वार्ड नं.१ को किता नं.३४१ को ज.वि. ३-१३-५को बगहि पोखरी, साविक गा.वि.स औरैया परिवर्तित गा.वि.स बडकी फुलवरीया,वार्ड नं.७ हाल सुवर्ण गाउँपालिका वार्ड नं.७ को किता नं. १४३ को ज.वि ३-७-०को देवापुर पोखरी, साविक गा.वि.स प्रशुरामपुरको वार्ड नं.४ हाल सुवर्ण गाउँपालिका वार्ड न.५ को किता नं १८ को २-१-० र साविक गा.वि.स हर्दिया वार्ड नं. ३ हाल सुवर्ण गाउँपालिका वार्ड नं.४ को किता नं. १७३ को ज.वि.२-५-० जम्मा ज.वि ४-६-०को प्रशुरामपुर हर्दिया को सयुंक्त पोखरी, साबिक गा.बि.स प्रशुरामपुर वार्ड न.४ हाल सुवर्ण गाउँपालिका वार्ड न.५ किता नं. १०९ ज. वि. ३-१४-० चवर सिङरहिया पोखरीहरु ५ वर्षको लागी माछा पालन गर्न देहायका बुन्दा अनुसार ठेक्का बन्दोबस्त हुने भएकोले शिलबन्दी टेन्डर फारम लिनु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ ।

१. पोखरीहरुको संक्षिप्त नाम र न्यूतम रकम रु
(क) बगही पोखरीको न्यूतम अंक रु २०,००,०००।-(बीस लाख) कायम गरिएको छ ।
(ख) देवापुर पोखरी न्यूतम अंक रु ३४,००,०००।-(चौतीस लाख) कायम गरिएको छ ।
(ग)) प्रशुरामपुर र हर्दियाको संयूक्त पोखरीको न्यूतम अंक रु २०,००,०००।-(बीस लाख) कायम गरिएको छ ।
(घ) चवर सिङरहिया पोखरी प्रशुरामपुरको न्युन्तम अंक रु १०,००,०००।-(दस लाख) कायम गरिएको छ ।
२. टेण्डर फारमको रु १,०००।- (अक्षेरेपी एक हजार मात्र) फिर्ता नहुने गरि मुल्य तोकिएको छ ।
३ .टेण्डर फारम विक्रि हुने स्थान र शिलबन्दी टेण्डर बुझाउने स्थान सुवर्ण गाउँकार्यपालिकाको कार्यालय कबही गोठ बारा ।
४. टेण्डर फारम विक्री गर्ने मिति र शिलबन्दी टेण्डर बुझाउने मिति सुचना प्रकाशनको मिति देखि ०७ दिन सम्म ।
५.उल्लेखित पोखरीहरुको टेण्डरको कबोल रकम ५ किस्तामा बुझाउनु पर्ने छ साथै पहिलो किस्ताको रकम चलन पुर्जि लिने बेलामा बुझाउनु पर्ने छ ।
६.टेन्डर खोलने स्थान, मिति र समय मिति २०७५।०२।०६ गते दिउसो ११:०० बजे देखी सुवर्ण गाउँकार्यपालिकाको कार्यालय कबही गोठ बाराको प्राङगनमा क,ख,ग,घ को सिलबन्दी टेण्डर खोलिने छ ।
७.टेण्डर फारम भर्दा नेपाली नागरीक भए ५% विदेशी नागरीक भएमा १०% धरौटी रकम यस सुवर्ण गाउँ कार्यापालिकाको कार्यालय कबही गोठको नाउँमा रा.बा.बैक कलैयामा संचालित हिसाब नं.१२६०३०३००७११ मा जम्मा गरी सक्कल भौउचर र नागरिकताको छाँया प्रति टेण्डर फारम साथमा पेश गर्नुपर्ने छ ।
८. टेण्डर सकार वा सदर भएको मितिले ०७ दिन भित्रमा प्रथम किस्ताको रकम यस कार्यालयको नाउँमा रा.बा.बैंक कलैयामा संचालित संचित कोष खाता नं.१२६०३०४०१८११३ मा दाखिला गरी ठेक्केदार स्वयमले निवेदन तथा बैंक भौउचर सहित उपस्थीत हुनुपर्ने छ ।
९. बाकी चार किस्ताको रकम बैंक ग्यारान्टी गर्नु पर्ने छ ।
१०. पोखरी संचालन गर्दा कसैको ब्यक्तिगत तथा सार्वजनिक सम्पती हानिनोक्सानी गर्न पाइने छैन ।
११.प्रथम ठेक्केदारले तोकिएको समय भित्र रकम दाखिला तथा बैंक ग्यारेन्टी गरि सम्झौता गर्न नआएमा दोस्रो ठेक्केदारलाई ०७ दिनको म्याद दिई रकम दाखिला गर्न प्राथमिक्ता दिइने छ । दोस्रो ठेक्केदारले पनि सो समय भित्र प्रकीया पुरा गरी नआएमा तेस्रो ठेक्केदारलाई ०७ दिनको समय दिईने छ । तोकिएको समयमा कुनै ठेक्केदारले सम्झौता गर्न नआएमा धरौटी रकम जफ्त गरिने छ ।
१२.सबै भन्दा बढी रकम कबोल गर्ने ठेक्केदारले ताकिएको समय भित्र सम्पुर्ण किस्ताको रकम एकमुष्ठ दाखिला गरेमा १०% रकम छुट दिईने छ ।
१३. सिलबन्दी टेण्डर यस सुवर्ण गाउँकार्यपालिकाको कार्यालयका पदाधिकारी ,कर्मचारी, कार्यालय प्रतिनिधि, आमन्त्रित प्रतिनिधि एवं टेण्डर बुझाउने ठेक्कदारहरुको रोहबरमा खोलिने छ । तर कुनै ठेक्कदार उपस्थिती नभएमा पनि टेण्डर खोल्ने कार्य रोकिने छैन ।
१४. टेण्डर स्वीकृत गर्ने सबै अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१५.क) बगही पोखरीको पहिलो किस्ताको रकमको ५०% रकम सो पोखरीको मर्मत संभारमा खर्च गरिने छ ।
ख) देवापरु पोखरीको प्रथम किस्ता प्राप्त रकम मध्ये ४०% रकम सो पोखरीको मर्मत संभारमा खर्च गरिने छ ।
ग) हर्दिया, प्रशुरामपुरको संयूक्त पोखरीको प्रथम किस्ताको रकम मध्ये ६०% रकम सो पोखरीको मर्मत संभारमा खर्च गरिने छ ।
घ) प्रशुरामपुर चवर सिङरहिया पोखरीको डिल निर्माण र मर्मत संभार स्वयं ठेक्केदारले गर्नु पर्ने छ ।
१६) टेण्डर सकार गर्ने ठेक्केदारहरुले पोखरीको रेख देख स्वयं आफै गर्नु पर्ने छ,कुनै किसिमको मिन्हा दिईने छैन ।
१७. यसमा उल्लेख नभएको शर्त प्रचलित ऐन नियम बमोजिम हुने छ ।

०७५।१।२८

सुन्दर प्रसाद निरौला
नि. प्रमुख प्रशासकिय अधिकृत